## बकैया गाउँकार्यपालिकाको मिति २०८०।३।२३ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

**१. आगामि आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रम सम्वन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस बकैया गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रम सम्वन्धि छलफल गरी आगामि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

**२. ठेक्काको म्याद थप सम्वन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा बकैया गाउँपालिकामा आर्थिक वर्ष २०७९/८० मा संचालन भई काम विविध कारणबाट काम सम्पन्न हुन बाकी रहेको तपसिल बमोजिमको ठेक्काहरुको आगामि कार्तिक मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

तपसिल

१. Contruction of Bandhaha khola RCC Bride along Hattisude Shikharpur- Manthali Road. (Cont. Id- BRM/NCBW/05/077-78)
२. Construction of 2 units Truss Building for Bakaiya Agricultural Industry (Cont. Id- BRM/NCBW/04/079-80).
३. Construction of Supporting Structure for Bakaiya Agricultural Insdustries (Cont. Id- BRM/NCBW/05/079-80).
४. Construction of Intake and water tank works at Gabarsthan Bakaiya-6 (Cont. Id- BRM/NCBW/06/079-80).
५. Upgrading of Chapur- Khyaku- Bagfal Road Bakaiya-1 (Cont. Id- BRM/NCBW/08/079-80).
६. Upgrading of Tinbhangale-Chade-Bagmati Road Bakaiya-02 (Cont. Id- BRM/NCBW/09/079-80).
७. Contruction of Intake and water tank at damechaur, Bakaiya-02 (Cont. Id- BRM/NCBW/07/079-80).
८. Upgrading of Shreepur-Karmachuli-Sudha Gadwon Road (Cont. Id- BRM/NCBW/02/079-80).
९. Upgrading if Bhirkot-Dovan-Bhijaldanda Road (Cont. Id- BRM/NCBW/03/079-80).
१०. Construction of RCC Building of Bakaiya Rural Municipality ward no 09 (Cont. Id- BRM/NCBW/03/076-77).

**३. भुक्तानी दिन बाकि रकम सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस आर्थिक वर्ष २०७९।८० मा बजेट अभाव लगायतको कारण भुक्तानी दिन बाकी योजनाहरु तथा कार्यक्रमहरुको भुक्तानी आगामी आर्थिक वर्षमा दिने निर्णय गरियो।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुंडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

धर्मराज लामिछाने
अध्यक्ष

४. वडागत योजना स्वीकृत सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा बकैया गाँउ कार्यपालिकाले तोकेको वडागत बजेट सिलिङ्गको अधिनमा रहि तथा गाँउ कार्यपालिकाले तोकेको योजना प्राथमिकताको आधार तथा मार्गदर्शनलाई अनुशरण गरी टोल भेलाबाट माग भएका योजनाहरुमध्ये वडा समितीको बैठकले प्राथमिकीकरण गरी गाउँपालिकामा पेश भएकोमा सो योजनाहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

५. भ्रमण आदेशहरु स्वीकृती सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाका श्री धर्मराज लामिछानेले हालसम्म विभिन्न मितिमा योजना अनुगमन लगायतका कार्यका लागि लिनुभएका भ्रमण आदेशहरु अनुमोदन गर्ने निर्णय गरियो ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

धर्मराज लामिछाने
अध्यक्ष

बकैया गाउँपालिका मकवानपुर